**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>मुख्य समाचार</u>**

१. कोलकाताको ऐतिहासिक ब्रिगेड परेड मैदानमा लाखौं मानिसहरूले सामूहिक रूपमा गीता पाठ गर्न भेला भए, जसले इतिहास रच्यो। यस अवसरमा पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले धार्मिक अहंकार हटाउन राज्य तयार रहेको बताउनु भयो।

२. भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाक अध्यक्ष तथा जीटीए प्रमुख कार्यपाल अनित थापाले अब 'बिगार्ने होइन, बनाउने राजनीतिमा जोड दिनु पर्ने बताउनु भएको छ।

३. इन्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवर्ड्सले हिजो तुङ्सुङ समरिक पानीमा नवनिर्मित गोर्खाल्याण्ड पुलको उद्घाटन गर्नु भएको छ।

४. सोनादा पचेङ समष्टिको अप्पर पचेङ नन्द गाउँमा राती आगलागी हुँदा एक घर जलेर खरानी भएको छ।

५. विश्वकर्मा समाजका 10 जना विशिष्ट व्यक्तित्वहरूलाई विश्वकर्मा शताब्दी सम्मानद्वारा सम्मानित गरिएको छ।

**<u>राज्यपाल- सामूहिक गीता पाठ</u>**

कोलकाताको ऐतिहासिक ब्रिगेड परेड मैदानमा लाखौं मानिसहरूले सामूहिक रूपमा गीता पाठ गर्न भेला भए, जसले इतिहास रच्यो। कथवाचक धीरेन्द्र कृष्ण शास्त्री (बागेश्वर बाबा), साध्वी ऋताम्बरा र स्वामी ज्ञानानन्द कार्यक्रममा उपस्थित थिए। यो कार्यक्रम सनातन संस्कृति संसदद्वारा आयोजना गरिएको थियो, जसका अध्यक्ष कार्तिक महाराज, स्वामी निर्गुणानन्द र अन्य सन्तहरूले कार्यक्रममा प्रमुख भूमिका खेलेका थिए। पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोस पनि उपस्थित हुनुहुन्थ्यो। यस अवसरमा राज्यपालले धार्मिक अहंकार हटाउन राज्य तयार रहेको बताउनु भयो। उहाँले ब्रिगेड परेड मैदानमा आयोजित गीता पाठ कार्यक्रमको क्रममा मुर्शिदाबादमा भएको घटनालाई उल्लेख गर्नु हुँदै यो टिप्पणी गर्नु भयो। घटनाको उल्लेख नगरी, उहाँले केवल "मुर्शिदाबादमा केही भएको देखे" भन्नु भयो।गीता पाठ मञ्चबाट, राज्यपाल श्री बोसले भ्रष्टाचार उन्मूलनको लागि पनि आह्वान गर्नु भयो। उहाँले भन्नु भयो, धार्मिकता स्थापित गर्ने र अधर्म उन्मूलन गर्ने संकल्प सधैं रहन्छ।

"पाँच लाख कंठे गीताको पाठ" सनातन संस्कृति संसदद्वारा ब्रिगेड परेड ग्राउन्डमा आयोजना गरिएको थियो, जसमा विभिन्न मठ र धार्मिक संस्थाका सन्त र ऋषिहरू संलग्न थिए। यसलाई राज्यमा अहिलेसम्मकै सबैभन्दा ठूलो सामूहिक गीता पाठको रुपमा हेरिएको छ। आयोजकहरूले यो कार्यक्रमको उद्देश्य बंगालको आध्यात्मिक परम्परालाई उजागर गर्ने र सामाजिक सद्भावलाई प्रवर्द्धन गर्ने बताएका छन्।

**<u>पूर्वी कमानको विजय दिवस कर्टन रेजर कार्यक्रम</u>**

विजय दिवस- 2025 को मुख्य समारोहपूर्व पूर्व कमानले हिजो विजय दुर्गस्थित आफ्नो मुख्यालयमा एक भव्य कर्टन रेजर कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रमको शुरूआत विजय दिवसको सम्मानमा निकालिएको बाइक ऱ्यालीबाट भयो जसमा 142 जना बाइकर्सले भाग लिए। यी बाइकर्स उत्तर बंगालदेखि लगातार राइड रेर कोलकाता पुगे अनि महानगरमा लगभग 25 किलोमीटर लामो ऱ्याली निकाले। ऱ्यालीको नेतृत्व ईस्टर्न कमानका कमाण्डर इन चीफ रामचन्द्र तिवारीले गर्नु भएको थियो। मुख्य कार्यक्रममा 1971 सालको युद्धमा वीरगति प्राप्त भारतीय जवान तथा बंगलादेशी मुक्तियुद्धाहरूलाई जीओसी रामचन्द्र तिवारीले

श्रद्धाञ्जली अर्पण गर्नु भयो। यसपूर्व तीनजना नागरिक तथा सेनाको पक्षबाट तीनजना मानिसहरूले श्रद्धाञ्जली अर्पण गर्नु भयो। पूर्वी कमानद्वारा आयोजित कार्यक्रममा युद्धको ऐतिहासिक महत्वलाई स्मरण गरियो अनि भारतको निर्णायक विजयका ती क्षणहरूलाई पुनर्स्मरण गरियो जसको गुञ्ज आज पनि दुवै देशको साझा विरासतमा महसूस हुन्छ।
यस आगलागीको घटना सुनेर लोवर सोनादा ग्राम पञ्चायत दुईको पञ्चायत प्रधान रेखा तामाङ, पञ्चायत सदस्य पुरण राई र सोनादा पुलिस आउट पोष्टबाट पुलिसहरु घटनास्थलमा पुगेका छन्। यस आगलागीको घटनामा अन्य घरहरु आगलागीबाट जोगाउन स्थानीयहरुले धेरै सहयोग गरेको जानकारी प्राप्त भएको छ।

**कल्याण चट्टोपाध्यायको निधन**

प्रसिद्ध अभिनेता कल्याण चट्टोपाध्यायको ८२ वर्षको उमेरमा निधन भयो। उमेरसँग सम्बन्धित रोगका कारण उहाँ हालैमा अस्पताल भर्ना भएका थिए र हिजो राति उहाँले अन्तिम सास लिनु भएको छ। उहाँको अन्तिम संस्कार केओरतला महास्मशानमा गरिएको थियो। सन् १९४२ मा पश्चिम बंगालको मुर्शिदाबाद जिल्लाको बर्हमपुरमा जन्मनु भएको श्री चट्टोपाध्यायले पुणेको FTII बाट स्नातक गर्नु भएको थियो। उहाँले १९६८ मा तपन सिन्हाको फिल्म "अपंजन" बाट आफ्नो फिल्मी करियर सुरु गर्नु भएको थियो।उहाँले सत्यजित रेको "प्रतिद्वन्द्वी", तपन सिन्हाको "सगिना महतो", तरुण मजुमदारको "धन्य मेये", साथै "सेतो हात्ती", "पार" र हिन्दी फिल्म "कहानी" मा पनि अभिनय गर्नु भएको थियो।

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (बीजीपीएम) का अध्यक्ष तथा जीटीए प्रमुख कार्यपाल अनित थापाले एक कार्यक्रममा सम्बोधन गर्नु हुँदै भन्नु भयो, “हामीले राज्यलाई झुक्यायौं, तर वास्तवमा हामी आफैं झुक्किएका छौं। त्यही भूलको नोक्सान हामीलाई नै भयो।”टुंग सन्त मेरिज समष्टिमा सम्पन्न भारतीय गोर्खा प्रजातान्त्रिक युवा शक्तिको पूर्णाङ्क समष्टि कमिटी गठन समारोहमा बोल्नु हुँदै श्री थापाले अघिल्ला राजनीतिक गल्तीहरूको महसुस गर्दै अब ‘बिगार्ने होइन बनाउने राजनीतिमा’ जोड दिनु पर्ने बताउनु भएको छ। उहाँले भन्नु भयो, “हामीले आवेशमा धेरै बिगार्‍यों, अहिले होशमा आएर बनाउने काम गर्दैछौं। सही राजनीति गर्नु धेरै गाह्रो रहेछ। अब भाषण होइन, संगठन बलियो बनाउने काम गर्नुपर्छ।

**अजय एडवर्ड्स- गोर्खाल्याण्ड पुल**

इन्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवर्ड्सले हिजो तुङ्सुङ समरिक पानीमा नवनिर्मित गोर्खाल्याण्ड पुलको उद्घाटन गर्नु भएको छ। उहाँले गोर्खाल्याण्ड पुलले गोर्खाहरूको दीर्घकालीन मागलाई ताजा बनाई राख्ने बताउनु भएको छ। पुल उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नु उहाँले भन्नु भयो, 'जोरबंगला समष्टि अन्तर्गत तुङसुङ खोलामा नवनिर्मित गोर्खाल्याण्ड पुलको हिजो विधिवत उद्घाटन गर्न पाएकोमा धेरै खुशी लागेको छ। धेरैले प्रश्न गर्छन् कि पुलको नाम गोर्खाल्याण्ड किन राखेको भनेर। गोर्खाल्याण्ड हाम्रो भिजन हो अनि यो भिजन कहिले पनि मेट्नु हुँदैन।'

**आगलागीमा एक घर जलेर खरानी**

सोनादा पचेङ समष्टिको अप्पर पचेङ नन्द गाउँमा राती आगलागी हुँदा एक घर जलेर खरानी भएको छ। उक्त आगलागीमा दुई तल्ले काठको घर जलेर खरानी बनेको छ। रातीको 12 बजीको समयमा भएको आगलागीमा अप्पर पचेङ नन्द गाउँ निवासी हर्कबहादुर गुरुङको घर जलेर नष्ट भएको छ।

**यस आगलागीमा दुई तल्ले काठको घर सबै जलेर खरानीमा परिणत भएको छ। भाग्यवंश कुनै मानवीय क्षति भएन तर आगलागीमा घर जलेर खरानी बनेपछि घरबाट केही पनि निकाल्न नपाएको स्थानीयहरुले बताएका छन्। आगलागीमा जीउमा लगाएको लुगाबाहेक केही पनि निकाल्न नपाएको साथै सबै सर सामानहरु र कागज पत्रहरु पनि जलेर नष्ट भएको छ। उक्त आगलागीको घटना सुनेर खरसाङ अग्निशमन केन्द्रबाट दमकल आए पनि घर सबै जलिसकेको बताइएको छ। हर्कबहादुर गुरुङ चियाबारीको अवकाशप्राप्त श्रमिक रहेका छन्।**

**विश्वकर्मा शताब्दी सम्मान**

खरसाङ विश्वकर्मा समाजको शतवार्षिकी महोत्सव 2025 मा विश्वकर्मा समाजका 10 जना विशिष्ट व्यक्तित्वहरूलाई विश्वकर्मा शताब्दी सम्मानद्वारा सम्मान जनाइएको छ। यस क्रममा समारोहमा प्रमुख अतिथिको रुपमा उपस्थित वयोवृद्ध डीएस दर्नाललाई विश्वकर्मा शताब्दी पुरुष सम्मानले सम्मानित गरियो। यसपछि, विश्वकर्मा समाजका 14 जना पुरोहितहरु र 12 जना शिल्पकारहरुलाई सम्मान जनाइयो। यस क्रममा विश्वकर्मा शताब्दी संगीत सम्मान रञ्जित गजमेर मुम्बईलाई र विश्वकर्मा शताब्दी चलचित्र श्रीपेच सम्मान तुलसी घिमिरेलाई प्रदान गरियो। दुइजना सम्मानित व्यक्तिहरूको अनुपस्थितिमा उहाँहरूका परिवारले सम्मान ग्रहण गरेका थिए।

त्यसरी नै विश्वकर्मा शताब्दी प्रिय जनप्रतिनिधि सम्मान सिक्किमका विधायक मदन सिञ्चुरीलाई प्रदान गरियो भने विश्वकर्मा शताब्दी शिखर खेलाडी सम्मान सिलगढीका वीरबहादुर रसाइलीलाई प्रदान गरियो। यसरी नै विश्वकर्मा शताब्दी साहित्य संस्कृति साँघु सम्मान असमका प्रेम विश्वकर्मालाई, विश्वकर्मा शताब्दी समर्पित समाजसेवक सम्मान डुवर्स निवासी केदार गजमेरलाई, विश्वकर्मा शताब्दी शीर्षस्थ चित्रकला सम्मान खरसाङका भीमल रसाइलीलाई, विश्वकर्मा शताब्दी आदर्श शिक्षक सम्मान जोरबंगलो दार्जिलिङका विनय गजमेरलाई र विश्वकर्मा शताब्दी शास्त्रीय संगीत गौरव सम्मान कालेबुङका निशान्त सिंहलाई प्रदान गरियो।

****** ० ******